**Beaumont**

# आर्थिक सहायताको योग्यता सम्बन्धि नीतिको सारांश

तपाईंको आवश्यक स्वास्थ्य सेवाहरुका लागि हामीलाई छनौट गर्नुभएकोमा धन्यबाद। हाम्रो लक्ष्य भनेको जुनसुकै आर्थिक अवस्था भएका रोगीहरुलाई पनि आर्थिक स्थितिको पर्वाह नगरी उच्च गुणस्तरको स्वास्थ्य सेवा प्रदान गर्नु हो। हामी बिरामीहरुलाई हाम्रो आर्थिक सहायता नीति बमोजिम आपतकालिन र अन्य आवश्यक चिकित्सकीय हेरचाहका लागि आर्थिक सहायता प्रदान गर्दछौं।

## को योग्य छ?

हामी हाम्रो आर्थिक सहायता नीतिका योग्यताहरु पुरा गर्ने बिरामीहरुलाई आर्थिक सहायता प्रदान गर्दछौं। आर्थिक सहायताको योग्यता बीमा कभरेज र भुक्तानीका अन्य श्रोतहरु (जस्तै व्यक्तिगत चोटपटक सम्बन्धि दाबिहरुका लागि), आम्दानि, परिवारको आकार र सम्पति जस्ता धैरै कारक तत्वहरुमा आधारित हुन्छ। यस नीतिले अन्य सबै भुक्तानीका विकल्पहरुको प्रयोग गरि सकेको भए निम्न व्यक्तिहरुलाई नि:शुल्क हेरचाह प्रदान गर्दछ:

- परिवारको आय हाल कायम रहेको संघिय सरकारको गरिबी मापदण्डको स्तर वा सो स्तरको 250% भन्दा कम भएका;
- आवश्यक फारम पुरा भरि आवेदन गरेका।

यदि तपाईं आर्थिक सहायताको लागि योग्य हुनुभयो भने तपाईंलाई सामान्यतया आपतकालिन वा चिकित्सकीय रुपमा आवश्यक हेरचाहका लागि चाहिने रकम भन्दा बढी शुल्क लगाइने छैन।

यदि तपाईंले अकल्पनीय दुर्घटना अथवा आर्थिक संकट सामना गर्नु भएको छ भने तपाईंले आपतकालीन आर्थिक सहायता पनि प्राप्त गर्न सक्नुहुन्छ।

## हाम्रो आर्थिक सहायता नीति र आवेदन फारम कहाँबाट नि:शुल्क प्राप्त गर्ने

हाम्रो आर्थिक सहायता नीति र आवेदन फारम यसैको दायाँ तर्फ रहेका जानकारी प्रयोग गरि हामीलाई सम्पर्क गरेर नि:शुल्क प्राप्त गर्न सकिन्छ। यसको लागि फोन, चिठ्ठी अथवा इमेल मार्फत अनुरोध गर्न सकिन्छ। यसैगरी हाम्रा वेबसाइटहरुमा डाउनलोड गर्न र प्रिन्ट गर्नका लागि उपलब्ध छन। यिनैका प्रतिलिपिहरू हाम्रा अस्पतालहरुका सुचना डेस्क, बिरामी दर्ता कक्ष र आपतकालिन विभागहरूमा पनि उपलब्ध छन।

## भाषा अनुवादहरु उपलब्ध छन

हाम्रो आर्थिक सहायता नीति, आवेदन फारम र यो सारांश हामी सँग सम्पर्क गरेर वा दायाँ तर्फ रहेका वेबसाइटहरुमा गएर अन्य भाषाहरुमा पनि पाउन सकिन्छ।

## सहायता उपलब्ध छ

आर्थिक सहायताका लागि तपाईंको आवेदन फारम भर्ना मद्दत गर्नका लागि आर्थिक तथा सेवा सुविधा सल्लाहकारहरु उपलब्ध छन। "कसरि आवेदन गर्ने" खण्डमा लेखिए अनुसार उहाँहरुलाई फोन गरेर वा अन्य माध्यम बाट पनि सम्पर्क गर्न सकिन्छ। उहाँहरुले तपाईंलाई स्वास्थ बीमा एक्सचेन्ज अथवा मिचिगन राज्यको मेडिकेड कार्यक्रमका कभरेजहरुका लागि आवेदन गर्न पनि मद्दत गर्न सक्नुहुन्छ।

## कसरी आवेदन दिने

### Beaumont Health

- व्यक्तिगत रूपमा, 3601 W. 13 Mile Rd., Royal Oak, MI 48073 मा रहेको क्याम्पस सहित कुनै पनि Beaumont Hospital मा गएर
- मेलद्वारा, Beaumont Health को आर्थिक सहायता, 3601 W. 13 Mile Rd., Royal Oak, MI 48073 लाई पत्र लेखेर
- 877.687.7309 मा फोन गरेर
- वेवसाइट, beaumont.org/patients-families/billing/ nancial-assistance मा गएर
- EastFinancialCounseling@corewellhealth.org मा इमेल गरेर

### Spectrum Health Lakeland

- व्यक्तिगत रूपमा, 1234 Napier Avenue, St. Joseph, MI 49085 मा रहेको मुख्य क्याम्पस सहित कुनै पनि Spectrum Health Lakeland Hospital मा गएर
- मेलद्वारा, Spectrum Health Lakeland Financial Counseling, 1234 Napier Avenue, St. Joseph, MI 49085 लाई पत्र पठाएर
- 1.844.408.4103 मा कल गरेर
- वेबसाइट, spectrumhealthlakeland.org/patient-visitor-guide/patient/billing/ nancial-assistance मा गएर
- SHLFinancialCounseling@spectrumhealth.org मा इमेल गरेर

### Spectrum Health

- व्यक्तिगत रूपमा, 100 Michigan, Grand Rapids, MI 49503 मा रहेको क्याम्पस सहित कुनैपनि स्पेक्ट्रम अस्पतालमा गएर
- मेलद्वारा, Spectrum Health Financial Counseling, 100 Michigan, Grand Rapids, MI 49503 लाई पत्र लेखेर
- 1.844.838.3115 मा कल गरेर
- spectrumhealth.org/billing/financial-assistance मा गएर
- FinancialCounseling@spectrumhealth.org मा इमेल गरेर